गण्डकी प्रदेश सभामा संवत् २०८२ साल असार १ गते आइतबार
आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/८३ को
# बजेट वक्तव्य

गण्डकी प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

२०८२

CS CamScanner

CamScanner

**माननीय सभामुख महोदय,**

१. गण्डकी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका सबै आन्दोलन तथा संघर्षमा अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेतागणहरुको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै आन्दोलनका क्रममा बेपत्ता, घाइते, अपाङ्गता एवं पीडित भएका सम्पूर्ण नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. प्रदेशवासीको बृहत्तर हितलाई केन्द्रविन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोह्रौं योजना, दिगो विकास लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको सोच, प्रदेश सभामा प्रस्तुत गरिएको विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधार मानी बजेट तर्जुमा गरेको छु।

४. बजेट तर्जुमा गर्दा सरकारका नीति तथा कार्यक्रम, आवधिक योजनाको लक्ष्य, सिद्धान्त र प्राथमिकताबीचको सामञ्जस्यतालाई जोड दिएको छु। राजनीतिक दलका घोषणापत्र, प्रदेश सभाका माननीय सदस्य, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, विद्वत वर्ग तथा आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरेको छु।

५. विकासप्रति प्रदेशवासीको चाहना, आवश्यकता र सामर्थ्य तथा राजस्व परिचालनको सीमित दायरालाई दृष्टिगत गरी स्रोत साधनको न्यायोचित परिचालनमा जोड दिएको छु।

६. "**आत्मनिर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासी**" को सोचका साथ दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको विकासको मार्गचित्र पूरा गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सृजना, प्रदेशवासीको हित अभिवृद्धि तथा प्रदेशको समग्र

CS CamScanner

विकासमा विशेष जोड दिएको छ। प्रादेशिक अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै सार्वजनिक र निजी क्षेत्रको सहभागिता मार्फत लगानी प्रवर्द्धनमा जोड दिई बजेट तर्जुमा गरेको छ।

७. समतामूलक आर्थिक समुन्नति र उदार लोकतन्त्रलाई संस्थागत गरी संघीयताको लाभ आम नागरिकमा समन्यायिक तवरले वितरण गर्न तथा लोकतान्त्रिक मूल्य र मान्यताहरु नागरिकको जीवनमा अनुवाद गर्न अन्तर-सरकार व्यवस्थापन प्रभावकारी हुन आवश्यक ठानेको छु।

८. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय शासन व्यवस्था अवलम्वन गरिएसँगै गण्डकी प्रदेश सरकारको स्थापनाको ८ वर्ष पुरा पूरा भएको र यस अवधिमा आर्थिक तथा सामाजिक क्षेत्र सुधारका महत्वपूर्ण आधारशिला निर्माण भएको छ।

९. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता अभिवृद्धि हुनुका साथै प्रदेश सरकारप्रति नागरिकको अपनत्व र स्वामित्व स्थापित हुदै गएको छ। विभेद, बञ्चितिकरण र बहिष्करणमा परेका समुदायका नागरिकको सम्मानजनक सामाजिक जीवनको प्रत्याभूति भइरहेको छ। नागरिकको अपेक्षानुरुप सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमा पु्‍याउने लक्ष्यमा आशातित प्रगति भइरहेको छ।

**माननीय सभामुख महोदय,**

अब म गण्डकी प्रदेश सरकारले हासिल गरेका प्रमुख उपलब्धी तथा आर्थिक, सामाजिक परिसूचकको अद्यावधिक विवरण सहितको प्रदेशको समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण प्रस्तुत गर्न अनुमति चाहन्छु।

१०. आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ४.८८ प्रतिशत र उपभोक्ता मूल्यमा ५.५१ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ३.७८ प्रतिशत र ४.०९ प्रतिशत रहेको थियो।

CS CamScanner

११. आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. ५ खर्ब ४८ अर्ब रहने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वित्तीय र तृतीय क्षेत्रको योगदान क्रमशः २७.८, १६.५ र ५५.८ रहने अनुमान छ।

१२. आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ उत्पादनमा गण्डकी प्रदेश सरकारको खर्चको हिस्सा ४.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा त्यस्तो हिस्सा ४.६ प्रतिशत रहने अनुमान छ।

१३. आर्थिक वर्ष २०८०/८१ मा १ हजार ५ सय ७० अमेरिकी डलर रहेको गण्डकी प्रदेशको प्रतिव्यक्ति आय आर्थिक वर्ष २०८१/८२ मा १ हजार ६ सय २० अमेरिकी डलर पुग्ने अनुमान छ। यस प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औषत भन्दा हरेक बर्ष माथि रहँदै आएको छ।

१४. गत आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये कृषि क्षेत्रको योगदान २७.८ प्रतिशत, उद्योग क्षेत्रको योगदान १६.५ प्रतिशत र सेवा क्षेत्रको योगदान ५५.८० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २७ प्रतिशत, १६.८ प्रतिशत र ५६.२ प्रतिशत रहेको थियो।

१५. आर्थिक वर्ष २०८१/८२ को अन्त सम्ममा गण्डकी प्रदेशको विद्युत उत्पादन (जडित) क्षमता १०१६.१९ मेगावट र प्रतिव्यक्ति वार्षिक विद्युत खपत २७८.५ किलोवाट पुग्ने अनुमान छ। ९९.७ प्रतिशत नागरिकमा विद्युत पहुँच पुगेको छ।

१६. प्रदेशमा जडान भएको निजी धाराको संख्या १४ हजार ७ सय ५४ पुगेकोछ। आधारभूत स्तरको खानेपानी र सरसफाइको पहुँच क्रमशः ९५ प्रतिशत र ९८ प्रतिशत जनसंख्यामा पुगेको छ।

CamScanner

१७. आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म प्रदेश सरकारले कुल रू. १४ अर्ब ६९ करोड ४० लाख राजस्व परिचालन गरेको छ। कुल राजस्वमा प्रदेशको आन्तरिक राजस्व र संघबाट प्राप्त राजस्व बाँडफाँट अनुपात क्रमशः ३२.७ प्रतिशत र ५९.९ प्रतिशत रहेको छ जसमा आन्तरिक आम्दानी १२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असार मसान्तसम्म यस्तो अनुपात क्रमशः ३८.६ प्रतिशत र ६१.४ प्रतिशत रहेको थियो।

१८. चालु आर्थिक वर्ष २०८१/८२ को मन्त्रालयगत बजेट विनियोजन र खर्चको प्रगति विवरण, प्रदेशको आर्थिक परिसूचकको विस्तृत विवरण सहितको आर्थिक सर्वेक्षण गरिमामय प्रदेश सभा समक्ष पेश गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेश सरकारको आगामी बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्दछु।

बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) दिगो आर्थिक वृद्धि मार्फत रोजगरी र आय वृद्धि गर्नु

(ख) गुणस्तरीय र आधुनिक  पूर्वधार विकास गर्नु,

(ग) आधुनिक प्रविधिमा दक्ष र उत्पादनशील मानव पुँजी निर्माण गर्नु

(घ) सामाजिक न्याय र समुन्नती हासिल गर्नु,

(ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि गर्नु।

बजेटका प्राथमिकताहरु देहाय बमोजिम तय गरेको छुः–

(क) दिगो र उत्थानशील पूर्वाधार निर्माण,

(ख) दक्ष र प्रविधिमैत्री मानव पुँजी निर्माण,

(ग) सामाजिक न्याय र समतामूलक समाजको स्थापना,

(घ) सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा,

(ङ) सन्तुलित विकास र तहगत सहकार्य

(च) गुणस्तरीय सेवा प्रवाह र सुशासन।

CS CamScanner

**माननीय सभामुख महोदय,**

अब म नेपालको संविधानको धारा ६० तथा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरणको विवरण प्रस्तुत गर्न चाहन्छु।

१९. तहगत वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रुपमा स्थानीय तहलाई वित्तीय हस्तान्तरणको प्रबन्ध मिलाएको छु।

२०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम जनसंख्या र भूगोलको आधारमा स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान रु २ अर्ब १० लाख ५९ हजार विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु।

**कृषिमा व्यावसायिकता र आत्मनिर्भरता**

२१. तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता उच्च भएका कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। स्थानीयस्तरमा उत्पादित स्वस्थ र पोषणयुक्त खाद्य वस्तुको प्रवर्द्धन गरिनेछ। खाद्य सम्प्रभुता प्रत्याभुतिमा जोड दिँदै कृषिमा आश्रित अतिरिक्त श्रम शक्तिलाई अन्य उत्पादनशील क्षेत्रमा रुपान्तरण गरिनेछ।

२२. उच्च पहाडी तथा हिमाली क्षेत्रमा घुम्ती गोठ प्रणालीमा पालिने पशु चौपायको व्यवासायीकरणका लागि चरन सुधार, पोखरी संरक्षण, प्रविधिक सेवा र खर्क सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

CS CamScanner

२३. कृषि व्यवसायमा हुनसक्ने जोखिम न्यूनीकरण गरी कृषकको हित संरक्षण गर्न बीमा प्रिमियममा सहुलियत र व्यवसाय प्रवर्द्धनका लागि कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

२४. स्थानीय तहसँगको सहकार्यमा पशुपन्छी खोप सेवा विस्तार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। पशुपन्छीबाट मानवमा सर्ने जुनोटिक रोगको नियन्त्रण र प्रतिजैविक प्रतिरोध न्यूनीकरण गर्न उपयुक्त स्वास्थ्य रणनीति अवलम्वन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

२५. पशुको पूर्ण खोप कार्यक्रमलाई सबै स्थानीय तहमा अभियानको रुपमा सञ्चालन गरी पशुपन्छीमा देखा पर्ने महामारीजन्य इमर्जिङ तथा रिईमर्जिङ रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाएको छु।

२६. स्थानीय तथा रैथाने बाली र पशुपन्छीको संरक्षण, उत्पादन, संवर्द्धन तथा उपयोगमा वृद्धि गर्ने गरी प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिएको छु। प्राङ्गारिक कृषि प्रणालीको अवलम्बन गर्दै उत्पादित प्राङ्गरिक/स्थानीय उपजहरुको प्रमाणीकरण तथा बजार प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२७. गरिबी न्यूनीकरण, स्थानीय रोजगारी, उत्पादन तथा उद्यमशीलतालाई प्राथमिकता दिँदै सहकारी संस्थालाई प्रोत्साहन गर्न यस क्षेत्रको आदर्श र स्वस्थता कायम राख्न तथ्याङ्क अद्यावधिक गरी प्रभावकारी नियमनको व्यवस्था मिलाएको छु।

२८. गुणस्तरीय उत्पादन सामग्रीहरूको उत्पादन तथा उपलब्धता सुनिश्चित गर्न मल, बीउ बिजन, बिरुवा, बिषादी र पशुपन्छीको नश्ल, मत्स्य बीज, औषधी, दाना तथा जैविक पदार्थको गुणस्तर नियमनका साथै कृषि, पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र स्थापना र विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२९. खाद्य सुरक्षाको क्षेत्रमा प्रमुख भूमिका खेल्ने बालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि समुदायस्तरमा चैतेधान तथा खायन/प्रशोधनयोग्य

CS CamScanner

आलु उत्पादन सम्वन्धी कार्यक्रमको निरन्तरताका लागि रु ९ करोड २० लाख ३५ हजार र कृषि सम्बन्धी उद्यम विकासका लागि रु १ करोड ८० लाख तथा रैथाने एवं निर्यातजन्य कृषि वस्तु प्रवर्द्धनका लागि रू २ करोड ७५ लाख विनियोजन गरेको छु।

३०. प्रदेशको प्रमुख फलफूल बाली सुन्तला र अन्य फलफूलको बगैंचा स्थापना र सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिन रु ४ करोड ८२ लाख १० हजार विनियोजन गरेको छु।

३१. प्रदेशमा दूध, अण्डा तथा माछामासुको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धनका लागि बृहत्तर पशु विकास कार्यक्रम सञ्चालनका लागि रु ३ करोड ८२ लाख विनियोजन गरेको छु।

३२. पशुमा रोग नियन्त्रण गरी उत्पादन वृद्धिका लागि सञ्चालित पूर्ण खोप कार्यक्रम, खोप व्यवस्थापन तथा लगाएको खोपको प्रभावकारिता अध्ययन गर्न रु ११ करोड ३६ लाख ६० हजार बजेटको प्रबन्ध गरेको छु।

३३. कृषि क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण, विविधीकरण तथा औद्योगिकरणका लागि लगानी आकर्षित गर्न सार्वजनिक, निजी तथा समुदायको सहकार्यमा कृषि विकास कार्यक्रम तथा प्रमुख सडक तथा नदी कोरिडोर क्षेत्रमा व्यावसायिक कृषि तथा पशुपन्छी उत्पादन कार्यक्रम सञ्चालनका लागि रु. ८ करोड ७४ लाख बजेट विनियोजन गरेको छु।

३४. कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई जम्मा रु.२ अर्ब ८ करोड ६७ लाख ५० हजार विनियोजन गरेको छु।

## दिगो पर्यटन, उद्यमशीलता तथा औद्योगिक विकास

३५. साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन गर्नका लागि मुस्ताङको जोमसोम, तनहुँको वन्दिपुर र पोखरामा लेक टु लेक साइक्लिङ मार्ग निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। **"राउण्ड फेवा भ्यू फेवा"** कार्यक्रमलाई उच्च प्राथमिकतासाथ कार्यान्वयनमा जोड दिएको छु।

CS CamScanner

३६. हिमाल आरोहण सम्बन्धी जनशक्ति उत्पादनका लागि तालिम कार्यक्रम सञ्चालन गर्न र हिमाल आरोहण गर्ने प्रदेशवासीलाई प्रोत्साहन तथा सम्मान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**पर्यटनः**

३७. "**प्रदेशको उत्पादनः प्रदेशको पहिचान**" अन्तर्गत प्रदेशभित्र उत्पादित वस्तुहरुको प्रदर्शनी र बजारीकरणका लागि कोशेली घरको स्थापना र सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३८. **पोखरा जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं** कार्यक्रम संचालन गरी पर्यटनको राजधानी पोखरा र स्याटलाईट गन्तब्यहरूमा पर्यटकीय पूर्वाधार निर्माण, पदयात्राको संरक्षण विकास र प्रवर्द्धनका लागि विद्यमान पदमार्गको स्तरोन्नति, वैकल्पिक पदमार्गहरुको निर्माण र धार्मिक तथा प्रमुख पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३९. **पहिले घरदेश अनि परदेश अभियान** सञ्चालन पर्यटकीय सूचनाकेन्द्रको स्थापना, पर्यटकीय उपजको ब्राण्डिङ तथा प्रचार प्रसार र मानव संशाधनको विकास गर्दै आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।

४०. प्रदेशको पर्यटन नीतिको तर्जुमा र पर्यटन गुरुयोजनाको पुनरावलोकन गरिनेछ। प्राकृतिक, साहसिक, कृषि र साँस्कृतिक पर्यटन (**NAAC-Tourism)** को विकास, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४१. वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जना नमुना कार्यक्रम, सीपमूलक तालिम, उद्यमशीलता विकास र प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

CamScanner

४२. उद्योगको विकास र प्रदेश समुन्नतिको आधारको सोचलाई आत्मसाथ गर्दै प्रदेशस्तरीय औद्योगिक क्षेत्र विकासका लागि लोकाहाखोला र पुडिटारमा जग्गा प्राप्ति तथा निर्माण कार्यलाई अगाडि बढाईनेछ।

४३. प्रदेशको आर्थिक वृद्धिका लागि स्थानीयरुपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्री वितरणको कानुनी व्यवस्था मिलाईनेछ। प्रदेशमा स्थानीय कच्चा पदार्थबाट परम्परागत घरेलु मदिराको व्यवस्थित उत्पादन, नियमन तथा बजारीकरण मार्फत मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन गरिनेछ।

४४. उपभोक्ता हकहित संरक्षणका लागि आवश्यक कानूनी प्रबन्ध, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् आपूर्ति व्यवस्थालाई सहज बनाउन प्रभावकारी बजार अनुगमन र उपभोक्ता सचेतना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४५. **गण्डकको खास, बसौं घरबास** भन्ने मुल नारालाई केन्द्रित गर्दै घरबास कार्यक्रमलाई थप प्रभावकारिताका साथ सञ्चालन गरिनेछ।

४६. उद्योग तथा पर्यटन मन्त्रालयलाई रु.८४ करोड २१ लाख ९३ हजार विनियोजन गरेको छु।

## दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण

४७. प्रदेशको आर्थिक समुन्नतीमा वन क्षेत्रको योगदान अभिवृद्धि गर्न वन संवर्द्धन प्रणालीमा आधारित कानून र निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

४८. जलवायु परिवर्तनका प्रभावहरुलाई न्यूनीकरण तथा अनुकूलन गर्न सरोकारवाला निकायको समन्वय र सहकार्यमा स्थानीय समुदायको अनुकूलन क्षमता अभिवृद्धि र जलवायु उत्थानशील विकासलाई संस्थागत गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

४९. प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउने राष्ट्रिय प्राथमिकता प्राप्त जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार वन क्षेत्र एवं सार्वजनिक र निजी जग्गामा खेती

CS CamScanner

विकास र विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। खेतीयोग्य बाँझो र खाली रहेको निजी तथा सार्वजनिक जग्गाको उपयोग गरी नमूना कृषि वन कार्यक्रम प्रवर्द्धन गर्ने व्यवस्था मिलाएको छु।

५०. मर्स्याङ्गदी जलाधार क्षेत्रलाई विद्यावत सहर र कालिगण्डकी जलधार क्षेत्रलाई कृषि र पर्यापर्यटन केन्द्र र सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५१. सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न सामुदायिक वन, सहरी वन तथा वर पिपल चौतारी संरक्षण र विकास मार्फत स्वस्थ वातावरण कायम राख्न स्थानीय तहसँगको साझेदारीमा हरित सहरी अभियान र नक्षत्र बाटिका स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५२. वन वातावरण र जैविक विविधताको दिगो संरक्षण र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। सीमसार तथा जलाधार क्षेत्रको संरक्षणमा प्रकृतिमा आधारित समाधान (Nature based solutions) साथै बायोइन्जिनियरिङ्ग प्रविधिमैत्री संरचना निर्माण गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

५३. वन डढेलो रोकथाम तथा नियन्त्रण गर्नका लागि वनमा रहेको ज्वलनशील पदार्थ तथा मिचाहा प्रजातिको व्यवस्थापन तथा संकलन गरी जैविक मल उत्पादन कार्य प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५४. मानव र वन्यजन्तु बीच सहअस्तित्व कायम गर्ने कार्यक्रम तथा वन्यजन्तुबाट हुने क्षतिमा राहत वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु। वन्यजन्तुको उद्दार, उपचार, संरक्षण, पुनर्स्थापना र व्यवस्थापन गर्न कास्की जिल्लामा रहेको पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्दार केन्द्रको विकास तथा व्यवस्थापन गर्न रु एक करोड पच्चीस लाख विनियोजन गरेको छु।

CS CamScanner

५५. भूमिगत जल पूनर्भरण र वन्यजन्तुको बासस्थानमा पानीको व्यवस्था गर्ने “एक सामुदायिक वनः एक पोखरी” कार्यक्रमलाई निरन्तरता दिएको छु।

५६. जलवायु परिवर्तनको असरलाई अनुकूलन तथा न्यूनीकरण गर्नका लागि सरोकारवाला निकायको समन्वय र सहकार्यमा प्रदुषण र फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन एवम् हिमाल संरक्षणका लागि माछापुच्छ्रे संवाद कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५७. वन क्षेत्रगत अनुसन्धान गर्न, कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न र वन तथा वातावरण विषय अध्ययन गर्ने विद्यार्थीलाई ईन्टर्नसीप कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। पोखरामा अन्तर्राष्ट्रिय स्तरको वानस्पतिक पर्यटकीय पार्क निर्माण गर्न रु २ करोड बजेट विनियोजन गरेको छु।

५८. वन तथा वातावरण मन्त्रालयको लागि रु. १ अर्ब ६ करोड ५० लाख ४० हजार बजेट विनियोजन गरेको छु।

## शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षण

### शिक्षा

५९. स्थानीय तहसँगको साझेदारीमा दुर्गम र छरिएका बस्ती क्षेत्रहरूमा आवश्यकता अनुसार "**विग र लिड विद्यालय तथा** आवासीय विद्यालय विस्तार गर्ने कार्यक्रमलाई प्रोत्साहन गरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका विद्यालयहरूको शैक्षिक तथा संरचनात्मक सुधार कार्यक्रमलाई निरन्तरता दिएको छु।

६०. सामुदायिक शिक्षालयको गुणस्तर सुधारका लागि अभिभावक शिक्षा, शैक्षिक जागरण, प्रतिभा पहिचान, शिक्षकको पेशागत क्षमता विकासका कार्यक्रमलाई

CamScanner

निरन्तरता दिएको छु। क्याम्पस तथा सामुदायिक विद्यालय समायोजन कार्यलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६१. गण्डकी विश्वविद्यालयलाई विशिष्टीकृत प्राविधिक अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्दै गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट सम्पादन हुँदै आएका कार्यक्रम गण्डकी विश्वविद्यालयबाट सम्पादन गर्ने व्यवस्था मिलाएको छु । गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको पाठ्यक्रम निर्माण र भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिएको छु।

६२. साधारण तथा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा "सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम" लाई निरन्तरता दिएको छु।

६३. "लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता"को नीति बमोजिम महिला सशक्तिकरण गरी हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत समानता कायम गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु।

६४. "स्वस्थ जीवन, हाम्रो अभियान" मार्फत नागरिक शिक्षा, अभिभावक शिक्षा साथै ध्यान तथा योग शिविर अभियान सञ्चालनमा जोड दिएको छु। जातीय भेदभाव तथा छुवाछुत लगायतका शोषण एवम् विभेदको अन्त्यका लागि सामाजिक जागरण अभियान र सचेतनामूलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६५. बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गर्न स्थानीय तहसँग साझेदारी गर्ने कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। सडक मानवमुक्त प्रदेश कार्यक्रमलाई निरन्तरता दिंदै मनोसामाजिक परामर्श सेवा सञ्चालनको व्यवस्था मिलाएको छु।

६६. दीर्घकालीन पुनर्स्थापना केन्द्र र ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन कार्यक्रमलाई निरन्तरता दिएको छु। हाल सञ्चालनमा रहेका ज्येष्ठ नागरिक आश्रमको संस्थागत सुदृढीकरणमा जोड दिएको छु।

CamScanner

६७. गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, भाषा ऐन, प्रदेश युवा परिषद गठन आदेश एवम् गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरणको लागि बनेको ऐन कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६८. अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सामाजिक सशक्तिकरणका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिँदै लक्षित वर्गको अधिकार संरक्षणका लागि बजेटको व्यवस्था गरेको छु।

६९. राष्ट्रिय, प्रादेशिक र जिल्लास्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै खेलाडीको क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम एवं पुर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। मुस्ताङमा उच्च उचाई खेल मैदान निर्माणको लागि आवश्यक प्रबन्ध मिलाएको छु।

७०. उद्यमशिलता विकास, सीपमुलक तालिमलाई स्तरीकरण र नक्साङ्कन गरी **NS**१ तहको अवधि र पाठ्यक्रम बमोजिम हुने गरी संचालन गर्ने व्यवस्था मिलाएको छु।

७१. सुरक्षित आप्रवासन कार्यक्रमलाई ८५ वटै पालिकामा विस्तार गरिनेछ। यस कार्यकम अन्तर्गत मनोपरामर्श सेवा, न्यायमा पहुँच र वित्तीय साक्षरता कार्यकमलाई निरन्तरता दिएको छु।

७२. सामाजिका विकास युवा तथा खेलकुद मन्त्रालयलाई रु २ अर्ब ३९ करोड ५१ लाख ६७ हजार विनियोजन गरेको छु।

**स्वास्थ्य**

७३. स्वस्थ मुटु सुन्दर भविष्य" भन्ने नाराका साथ बालबालिकामा बाथ, मुटुरोग पहिचान र सम्पाटीक हार्ट डिजीज स्क्रिनिङ कार्यक्रमका लागि प्रदेशका सबै अस्पतालहरुमा रु ५५ लाख तथा नवशिशुको जन्मजात रोगको पहिचान गर्न स्क्रिनिङ कार्यका लागि रु २६ लाख विनियोजन गरेको छु। साथै अस्पतालहरुमा नवशिशु सघन उपचार सेवा (एनआइसीयु) विस्तार गर्न

CamScanner

आवश्यक बजेट विनियोजन गरेको छ। मातृशिशु मितेरी प्रादेशिक अस्पतालमा निःसन्तान उपचार केन्द्रका लागि रु २० लाख र मध्यविन्दु प्रादेशिक अस्पतालमा बौद्धिक अपाङ्गता एवम् अटिज्म भएका बालबालिकाको अपाङ्गता उपचार केन्द्रको स्थापना गर्न रू २० लाख विनियोजन गरेको छु ।

७४. "नसर्ने रोगको पहिचान र उपचार स्वस्थ जीवनको आधार" भन्ने नाराका साथ नसर्ने रोगको पहिचान, उपचार तथा व्यवस्थापन र मानसिक स्वास्थ्य सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि रु १ करोड ५२ लाख विनियोजन गरेको छु। क्षयरोग, कुष्ठरोग, एच.आई.भी. एड्स जस्ता सरुवा रोग, खोपबाट बचाउन सकिने रोग र औलो, कालाजार, डेंगु लगायतका जलवायु संवेदनशील रोगहरुको प्रभावकारी एकीकृत निगरानी प्रणाली विकास गरी महमारीको प्रतिकार्य, औषधी, कीट र अन्य औषधीजन्य सामग्रीको व्यवस्थापनका लागि रू. २ करोड ७ लाख विनियोजन गरेको छु।

७५. धौलागिरी, मध्यविन्दु, तनहूँ, स्याङ्जा र बुर्तिबाङ अस्पतालमा इमरजेन्सी ट्रमा केयर युनिटको स्थापना एवं सुदृढीकरणका लागि रू. ७६ लाख विनियोजन गरेको छु। मनाङ र मुस्ताङमा उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउन रू. ८३ लाख विनियोजन गरेको छु। साथै, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरण र पहुँच अभिवृद्धि गर्न नमूना (स्याम्पल) संकलन केन्द्रहरू स्थापना गरी सेवालाई सहज र सुलभ बनाउन रू. ५० लाख विनियोजन गरेको छु।

७६. प्रदेश मातहतका अस्पतालहरूले प्रवाह गरेको सेवालाई थप गुणस्तरीय र विशिष्टीकृत बनाउन न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि रू. ४ करोड ३५ लाख, आयुर्वेद चिकित्सालय तथा अस्पतालहरुको लागि रू. ३८ लाख र गण्डकी आयुर्वेद अस्पतालमा अन्तरअङ्ग सेवा सञ्चालनार्थ भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। प्रदेशका अस्पतालहरूमा एम्बुलेन्स खरिदका लागि रू ४ करोड विनियोजन गरेको छु।

CamScanner

७७. "आधारभूत स्वास्थ्यमा सुधार, अन्तर तह समन्वय मूल आधार" नाराका साथ प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वयलाई प्रवर्द्धन एवम् स्वास्थ्य कार्यक्रमको उपयोगिता र प्रभावकारिता अभिवृद्धि गर्न अन्तरतह रणनीतिक कार्यान्वयन खाका तयारी एवं कार्यान्वयनका लागि रू १ करोड ६६ लाख विनियोजन गरेको छु।

७८. रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धताका लागि रू. ४ करोड ५६ लाख विनियोजन गरेको छु। क्यान्सर रोगको उपचारमा आर्थिक सहायता, जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार, १० वर्ष मुनीका बालबालिका र ६० वर्ष भन्दा माथिका व्यक्तिहरुलाई निःशुल्क बहिरंग तथा प्रयोगशला सेवा, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाका लागि प्रोत्साहन, विभिन्न आश्रममा आश्रितहरूको उपचार जस्ता सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिँदै थप सुदृढ र प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु।

७९. स्वास्थ्य मन्त्रालयलाई रु ३ अर्ब ३२ करोड ७० लाख ४० हजार विनियोजन गरको छु।

## युवा तथा खेलकुद

**८०.** गण्डकी प्रदेशमा खेलकुद प्रवर्द्धन गर्न खेलकुद पूर्वधार निर्माण, खेलाडी सम्मान र खेल पर्यटन विकास गरिनेछ। उच्च उचाइका खेलका लागि **"उचाइमा खेलः खेलमा उचाई"** कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

**८१.** युवामा सकारात्मक सोच, सीप, क्षमता र नेतृत्व विकासमा जोड दिई सिर्जनशील तथा उद्यमी युवा तयार गर्न युवा उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन र **युवा प्रतिभा सम्मान** कार्यक्रमलाई निरन्तरता दिएको छु।

CS CamScanner

८२. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सुरक्षित आप्रवासन कार्यक्रममा प्रदेश सरकारले सूचनाकर्ता र परामर्शदाता परिचालन गर्ने कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८३. वैदेशिक रोजगारीमा जान चाहने युवाहरूका लागि आवश्यक सीप तथा दक्षता हासिल गरेर मात्र जाने अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा आवद्ध हुने **"समय घटाउने आम्दानी बढाउने"** विशेष कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्था मिलाएको छु। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण रकमलाई आय, उत्पादन र आन्तरिक रोजगारी सिर्जना हुने गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

८४. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु स्वरोजगार तथा उद्यम व्यवसायमा जोडिन चाहेमा व्यावसायिक परामर्श, व्यावसायिक योजना निर्माणमा सहयोग, प्राविधिक सहयोग र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८५. खेलकुद क्षेत्रको विकास, विस्तार र सुदृढीकरणका लागि संघ सरकार र स्थानीय तहबीच सहकार्य र साझेदारी गर्दै खेलाडीहरुको व्यावसायिकता विकास, प्रशिक्षण र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। प्रदेशका ख्यातिप्राप्त खेलाडीहरुको सम्मान कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

## दिगो तथा उत्थानशील पूर्वाधार

८६. संघ र स्थानीय तहको समन्वयमा झोलुङ्गे पुल, ट्रष्ट ब्रिज निर्माण र मर्मत कार्यलाई प्राथमिकता दिई आवश्यक बजेटको व्यवस्था गरेको छु। हिमाली र पहाडी क्षेत्रमा रहेका पर्यटकीय पदमार्गबाट नजिक रहेका बस्तीसँग सहज पहुँच पुऱ्याउनका लागि नदी तथा खोलामा मोटरेबल पुल र झोलुङ्गे पुल निर्माणलाई जोड दिई आवश्यक बजेट विनियोजन गरको छु।

CamScanner

८७. पदयात्रा तथा साइक्लिङ्गका लागि गोरखाको मनास्लु, लार्केपास-मनाङ्ग-मुस्ताङ्ग र कास्कीको अन्नपूर्ण संरक्षण क्षेत्रलाई उत्कृष्ट पदमार्गको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८८. गरिब, अशक्त, असहाय, दलित, लोपोन्मुख, सीमान्तकृत जाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित आवासको व्यवस्था गर्न **जनता आवास** कार्यक्रमलाई निरन्तरता दिएको छु।

८९. सघं र स्थानीय तहसगँको साझेदारीमा भू-उपयोग नीति अनुरुप जलवायु परिवर्तन अनुकूलित हुने गरि एकीकृत सुरक्षित बस्ती विकास तथा सहरी विकास योजनालाई प्राथमिकता दिएको छु।

९०. प्रदेश सरकारको प्राथमिकतामा रहेका उत्तर-दक्षिण सडक अन्तर्गतको भिमाद-डेढगाउँ-झ्यालबास-चोरमारा दुम्किबास-त्रिवेणी खण्ड, कास्की जिल्लाका सात ताल लिङ्क रोड तथा रुपा रिङ्ग रोड, स्याङ्जा जिल्लाको ज्याग्दी करिडोर, म्याग्दी र बाग्लुङको दरवाङ्ग-ढोरपाटन सडक, गोरखा जिल्लाका चुवाडाँडा — पेल्चेत-कटुन्जे-काशीगाउँ-केरौजा रुन्चेत सडक तथा चनौटे ढिस्का हुँदै भच्चेक सडक, बाग्लुङ जिल्लाको तमान-लामेला-शोले सडक, शालिग्राम करिडोर र बुद्धसिंह मार्ग निर्माण कार्यलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरेको छु।

९१. एसियाली विकास बैङ्कको सहयोग तथा स्थानीय पूर्वाधार विकास विभागको समन्वयमा ग्रामीण सडक सञ्जाल सुधार कार्यक्रम मार्फत गोरखा जिल्लाको अवुवा-विर्दि-सेराबजार-पौवाटार सडक कालोपत्रे,पर्वत जिल्लाको पातिचौर-बाजुङ-क्याङ-नागी सडकको कालोपत्रे,कास्की जिल्लाको घट्टेखोला-धम्पुस-खानीगाउँ सडकको कालोपत्रे र नवलपुर जिल्लाको आलोक चक्रपथ कालोपत्रे कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। यस कार्यक्रम अन्तर्गत ७० किलोमिटर सडक कालोपत्रे सम्पन्न हुनेछ।

CamScanner

९२. सडक सञ्जाल नपुगेका गोरखाको चुमनुब्री र मनाङको नार्पा भूमि गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ। मुस्ताङको कोरला, गोरखाको रुइला र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को त्रिवेणी नाकासम्म पुग्ने सडकको विस्तार तथा स्तरोन्नतिलाई निरन्तरता दिएको छु।

९३. प्रदेश सरकारले निर्माण गरेका सडक र पक्की पुलको मर्मत संभार कार्यलाई प्राथमिकता दिएको छु। प्रदेश सडक सञ्जालमा समावेश भएका पक्की पुल निर्माणलाई प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु।

९४. संघ र स्थानीय तहको समन्वयमा झोलुङ्गे पुल निर्माण र मर्मत कार्यलाई आवश्यक बजेट विनियोजन गरेको छु।न्यून सवारी चाप भएका सडक र वर्षा याममा मात्र पानी बढी हुने खोलाहरुमा कम लागत प्रविधिको बेली ब्रिज निर्माण कार्यलाई प्राथमिकता दिएको छु।

९५. प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनलाई सुरक्षित बनाइ सडक दुर्घटना न्यूनीकरण गर्न सरोकारवालासगँको समन्वय तथा सहकार्यमा सडक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिएको छु। सार्वजनिक सवारी व्यवस्थापन गुरुयोजना बनाउने कार्यलाई जोड दिएको छु।

९६. सवारी चालक अनुमति पत्रको छपाइ कार्य प्रदेश बाटै गर्नका लागि रु १० करोड बजेट विनियोजन गरेको छु। यातायात क्षेत्रको सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी नागरिकहरुलाई सहज रुपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाएको छु। सवारी साधन करलाई विद्युतीय प्रणाली मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९७. स्वदेशी एपलाई प्राथमिकता दिँदै यात्रु सुरक्षाको प्रत्याभूति गर्न राइड शेयरिङ र सेल्फ ड्राइभिङ्गलाई प्रभावकारी रुपमा नियमन र व्यवस्थापनको प्रबन्ध मिलाएको

CS CamScanner

छ। आफ्नो भवन नभएका प्रदेशका कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिएको छ। साझेदारीमा स्थानीय तहका प्रशासनिक भवन तथा वडा कार्यालय भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**९८.** भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयसम्बद्ध कार्यक्रमहरुमा रु ११ अर्ब ९८ करोड ९ लाख ८ हजार रकम विनियोजन गरेको छु।

## स्वच्छ उर्जा, जलस्रोत तथा खानेपानी

९९. सबै नगारिकमा आधारभूत विद्युत सुविधाको पहुँच सुनिश्चितताका लागि सञ्चालित उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गर्न रू. १५ करोड विनियोजन गरेको छु ।

१००.प्रदेशभित्र सञ्चालित लिफ्टिङ खानेपानी र लिफ्टिङ सिँचाइ आयोजनाहररुमा सतप्रतिशत सम्म विद्युत महशुलमा अनुदान दिने व्यवस्थालाइ निरन्तरता दिएको छु।

१०१. **एक घर एक धारा** कार्यक्रम अन्तर्गत बहुवर्षीय तथा स्रोत सुनिश्चित गरिएका, क्रमागत र मर्मत सम्भार तथा प्रणाली सुदृढीकरणतर्फ प्राथमिकतामा राखिएका खानेपानी आयोजना सम्पन्न गर्ने प्रयोजनार्थ रु ६० करोड ६१ लाख विनियोजन गरेको छु ।आगामी आ.व.मा २०० वटा भन्दा बढी खानेपानी आयोजना सम्पन्न गरी थप १५ हजार घरमा **निजी धारा जडान** कार्य सम्पन्न गरिनेछ।

१०२. खानेपानी क्षेत्रका लागि जम्मा रू १ अर्ब ७० करोड विनियोजन गरेको छु।

१०३. वर्षा याममा देखिने गरेको पानीजन्य रोगको प्रकोप न्यूनीकरण गर्न खानेपानी प्रणालीको असुरक्षित स्रोत पहिचान गरी **शुद्धिकरण** गर्न आवश्यक रकम विनियोजन गरेको छु।

CamScanner

१०४. लिफ्टिङ्ग खानेपानी र लिफ्टिङ्ग सिँचाइ आयोजनामा दिइँदै आएको विद्युत महशुल अनुदानको कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१०५. स्याङ्गजा जिल्लाको आँधिखोला स्थित व्यवस्थित तटबन्ध निर्माण, कास्की जिल्लाको काहुँखोला नदि नियन्त्रण र सिलाथान घट्टेखोला संरक्षण कार्य आ.व. २०८२/८३ मा सम्पन्न गर्ने व्यवस्था मिलाएको छु।

१०६. गोरखा जिल्लाको पालुङ्गटारमा खारखोला तथा खहरे-चुक्तिखोला नदी व्यवस्थापन आयोजनाको कार्यान्वयन सुरू गरिनेछ| लमजुङ्ग जिल्लाको राइनासटार सिँचाइ प्रणालीको विस्तृत मर्मत-सुधार गरी स्तरोन्नति गरिनेछ। बाग्लुङ्ग जिल्लाको बडिगाड गाउँपालिका, गल्कोट नगरपालिका तथा जैमिनी नगरपालिकामा गत वर्षको बाढीबाट क्षतिग्रस्त सिँचाइ संरचनाहरुको पुनःनिर्माण र बस्ती तथा खेतीयोग्य जमिन संरक्षण कार्यको सुरुवात गरिनेछ ।

१०७. आ.व. २०८२/८३ मा सिँचाइ तथा नदी व्यवस्थापन आयोजनामा बहुवर्षीय र स्रोत सुनिश्चित गरिएका क्रमागत, आयोजना सम्पन्न गर्नको लागि बजेट विनियोजन गरेको छु।

१०८. भूमिगत सिँचाइ र मर्मत संभार तथा प्रणाली सुदृढीकरण, र संघीय सरकारको सशर्त अनुदान तर्फ समेत गरी सिचाँइ आयोजना सञ्चालन गर्नका लागि जम्मा रू १ अर्ब १५ करोड ६४ लाख रकम विनियोजन गरेको छु ।

१०९. प्रदेश भित्रका विद्युत आयोजनाको प्रारम्भिक अध्ययन कार्य गर्न तथा जलाशयमा आधारित सिँचाइ आयोजना, एकीकृत जलस्रोत व्यवस्थापन आयोजना र ठुला टारमा आधारित कृषि तथा सिँचाइ आयोजनाको पहिचान तथा प्रारम्भिक अध्ययनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

११०. राष्ट्रिय प्रसारण लाइन नपुगेको स्थानमा सामुदायिक लघु जलविद्युत आयोजनाको निर्माण र मर्मत-संभारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

CS CamScanner

१११. ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका कार्यक्रमहरुका लागि जम्मा रु.३ अर्ब ८८ करोड ८१ लाख विनियोजन गरेको छु।

## सुशासन, सेवा प्रवाह र तहगत सम्बन्ध

**११२.** लोकतान्त्रिक शासन व्यवस्थाका आदर्श मूल्यहरुलाई वरण गरी कार्य पद्दति र व्यवहारलाई जनमुखी एवम् जवाफदेही बनाइनेछ। प्रशासनिक कार्य सम्पादनमा राष्ट्र र जनताको वृहत्तर हित, कानूनको शासन, मानव अधिकारको प्रत्याभुति, समन्याय, समावेशीकरण, आर्थिक अनुशासन, पारदर्शिता, जनसहभागिता, सुशासन र भ्रष्टाचारमुक्त चुस्त प्रशासनमा जोड दिइनेछ।

**११३.** संविधान प्रदत्त मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै प्रदेशको अधिकार क्षेत्रका विषयमा बाँकी कानून तर्जुमा र कार्यान्वयन मार्फत सेवा प्रवाहलाई थप प्रभावकरी बनाइनेछ।

**११४.** प्रदेश निजामती किताबखानालाई थप सुदृढीकरण मार्फत प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अभिलेखलाई व्यवस्थित गरिनेछ।

**११५.** संघीयतालाई संस्थागत गर्न प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वयलाई प्रगाढ बनाउने माध्यमको रुपमा सञ्चालन भएको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमलाई निरन्तरता दिएको छु।

**११६.** **"सदाचारयुक्त गण्डकी प्रदेश"** अभियानलाई सार्थकता दिन भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीतिलाई कडाईका साथ लागू गरिनेछ। भ्रष्टाचार विरुद्ध सरकारी, गैरसरकारी निकाय तथा नागरिक समाजबीचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

**११७.** **"समुन्नत प्रदेश: प्रभावकारी सार्वजनिक सेवा"** भन्ने नाराका साथ सार्वजनिक सेवा प्रवाहलाई छरितो, चुस्त र नतिजामुखी बनाइने छ।नागरिकको गुनासो तत्काल संवोधन गरी नागरिक मैत्री शासनको अनुभूति दिलाउन हटलाइन सेवा तथा नागरिक सहायता कक्ष सञ्चालन गरिनेछ।

CamScanner

११८. स्थानीय तहका न्यायिक समिति तथा विधायन समितिको कामलाई प्रभावकारी बनाउन कानून तर्जुमा र कार्यान्वयनमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ। स्थानीय तहसँग साझेदारी गरी सबै स्थानीय तहमा न्यायिक सहजकर्ता व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिएको छु।

११९. "स्वच्छ प्रेस, समुन्नत गण्डकी प्रदेश" को परिकल्पना साकार पार्न प्रेस रजिष्ट्रार कार्यालयको सुदृढिकरण, सञ्चार माध्यमको दर्ता, नवीकरण एवं प्रेस प्रतिनिधि प्रमाणपत्र अनलाइन मार्फत उपलब्ध गराउने कार्यक्रमका लागि २ करोड ७५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

१२०. आमसञ्चार क्षेत्रलाई समावेशी, पारदर्शी, उत्तरदायी र जनमुखी बनाउन महिलाहरुका लागि मिडिया स्टार्टप कार्यक्रम, पत्रकार कल्याणकोष स्थापना, अग्रज पत्रकार सम्मान तथा अनुभव अभिलेखिकरण एवं सञ्चार संस्थालाई प्रोत्साहन सहयोग कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२१. गण्डकी प्रदेशमा आमसञ्चार तथा पत्रकारिताको विकास तथा विस्तारको लागि विशेष व्यवस्था मिलाएको छु। प्रदेश भित्रका पत्रकारलाई प्रोत्साहन स्वरुप **क्षमता विकास कार्यक्रम** र **लेखनवृति फेलोसिप** कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२२. योग्य र उपयुक्त मानव संशाधनको छनोट र व्यवस्थापन मार्फत सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, र सेवामुखी बनाउन तयार गरिएको प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्था गरेको छु।

१२३. योग्यता प्रणालीको प्रवर्द्धन र स्वच्छ तथा निष्पक्ष विधि एवम् लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त तथा मापदण्ड बमोजिम कार्यसम्पादन गर्न

CamScanner

प्रदेश लोक सेवा आयोगको भवन निर्माण गर्ने कार्यको लागि जग्गा प्राप्ती र भवन निर्माण प्रक्रिया अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

## शान्ति सुरक्षा तथा विपद् उत्थानशीलता

१२४. प्रदेशमा शान्ति, सुरक्षा एवं सुव्यवस्था कायम गर्न प्रदेश सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। नेपाल सरकारको समन्वय र सहकार्यमा अन्तराष्ट्रिय सीमा नाका तथा अन्तर प्रदेश सीमामा पूर्वाधार निर्माण गरी सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

१२५. प्रदेशभित्रका जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन कार्य सम्पन्न गरी विपद् पूर्व तयारी, प्रतिकार्य, पुनर्निमाण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। विपद् प्रतिकार्यका लागि प्रदेश विपद् व्यवस्थापन कोषमा न्युनतम रु १० करोड मौज्दात रहने व्यवस्था मिलाएको छु।

## सार्वजनिक वित्त व्यवस्थापन र आर्थिक अनुशासन

१२६. प्रदेश प्रशासनिक संरचना पनुरावलोकन अध्ययन तथा सुझाव समितिबाट प्राप्त सुझावको आधारमा प्रदेश सरकारका निकायबाट प्रदान हुने सेवा र कार्यबोझ बीच तादाम्यता कायम गरी संगठन संरचनालाई छिटो छरितो मितव्ययी, चुस्त दुरुस्त र नतिजामुखी बनाउन मौजुदा संगठन संरचना तथा दरवन्दी पूनरावलोकन गरी अनावश्यक प्रशासनिक खर्च कटौती गरिनेछ।

१२७. प्रदेश नीति तथ योजना आयोगको संस्थागत सबलीकरण गरी अझ प्रभावकारी बनाइनेछ। सूचना तथा प्रमाणमा आधारित नीति तथा योजना निर्माण सुनिश्चित गर्न एकीकृत तथ्याङ्क प्रणालीको विकास, अद्यावधिक तथा अभिलेखिकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२८. प्रदेशको आर्थिक विकास तथा सुशासन प्रणालीलाई सुदृढ गर्न "मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम" **(Chief Minister Public Governance**

CS CamScanner

**Fellowship Program)** प्रारम्भ गरिनेछ। युवा जनशक्तिलाई नीति निर्माण र कार्यान्वयन प्रक्रियामा संलग्न गराउन आवश्यक प्रबन्ध मिलाएको छु।

१२९. आयोजना बैंकलाई प्रभावकारी बनाउँदै आयोजना व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरिनेछ। मन्त्रालयगत बहुवर्षीय आयोजना र स्रोत सुनिश्चितताको सीमा निर्धारण गरी प्रदेशको वित्तीय दायित्व अनुमानयोग्य बनाइनेछ।

१३०. स्थानीय तहसँग साझेदारीमा कृषि र पर्यटन क्षेत्रको आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ। संघीयताको मर्म अनुसार, स्थानीय तहको क्षमता अभिवृद्धि प्रदेश सरकारको मुख्य जिम्मेवारी रहेकाले मागमा आधारित क्षमता विकास कार्यक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१३१. महिला, बालबालिका अपाङ्गता भएका व्यक्ति तथा अशक्त एवम् भौगोलिक र जातीय रुपमा पिछडिएका नागरिकहरुको राज्यका हरेक क्षेत्रमा पहुँच राख्न सक्ने गरी सशक्तिकरण, सबलीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१३२. स्थानीय तहमा संकलन हुने दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करलाई कानून बमोजिम विभाज्य कोषमा जम्मा गरी नियमित रुपमा प्रदेशमा पठाउने पालिकाहरुलाई प्रोत्साहनको प्रबन्ध मिलाएको छु। साथै स्थानीय तह साझेदारीमा आयोजना तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३३. प्रदेशले विनियोजन गरेका आयोजना र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनका लागि प्रदेशका ११ वटै जिल्लाका जिल्ला समन्वय समितिको कार्यालयलाई आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३४. प्रदेशभित्र निर्माण हुने भौतिक संरचनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीको स्रोत पहिचान गरी कानूनबमोजिम राजस्व संकलनको प्रबन्ध मिलाइनेछ। दुई सय जना भन्दा बढी व्यक्तिलाई रोजगारी सिर्जना गरेका उत्पादनमूलक उद्योग तथा व्यावसायलाई ७५ प्रतिशत कर छुटको व्यवस्था मिलाएको छु।

१३५. प्रदेश सरकारको पूँजिगत खर्च गर्ने क्षमता सुधार गर्दै चालु खर्चलाई न्यूनीकरण गर्न खर्चको मापदण्डको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

CamScanner

**१३६.** हाल सञ्चालनमा रहेका प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको तोकिएको बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्न प्राथमिकता दिएको छु।

**१३७.** नेपाल सरकार र स्थानीय तहको समन्वय तथा सहकार्यमा प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्नका लागि प्रादेशिक सूचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गरिनेछ।

१३८. सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणको लागि हस्तक्षेपकारी कार्यक्रमको रुपमा इनभेष्ट गण्डकी कार्यक्रम सञ्चालन गरिनेछ। कृषि, पर्यटन, ऊर्जा र वन तथा खानीजन्य उद्योगमा बाह्य लगानी आकर्षण मार्फत रोजगारी सिर्जना र गरिबी निवारणमा जोड दिइनेछ।

**माननीय सभामुख महोदय,**

अब म माथि उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट र स्रोतको अनुमान प्रस्तुत गर्न चाहन्छु।

**१३९.** आगामी आर्थिक वर्ष २०८२/८३ को लागि निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार विनियोजन गरेको छु। जसमध्ये चालुतर्फ रू१२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार अर्थात कुल विनियोजनको ३९.५ प्रतिशत, पूँजिगत तर्फ रू. १९ अर्ब ९ करोड ३३ लाख २४ हजार अर्थात कुल विनियोजनको ५९.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात कुल विनियोजनको ०.८ प्रतिशत रकम विनियोजित गरेको छु। साथै आगामी वर्ष रू १ करोड ५४ लाख ५२ हजार सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको छु।

CS CamScanner

१४०. आगामी आर्थिक वर्ष २०८२/८३ को लागि खर्च ब्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू. ७ अर्ब ७३ करोड ८९ लाख, राजस्व बाँडफाँटबाट रू. ९ अर्ब ७९ करोड २९ लाख ४० हजार, रोयल्टी बाँडफाँटबाट रू ४९ करोड ८९ लाख ७७ हजार, सशर्त अनुदानतर्फ रू ३ अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानतर्फ रू ६३ करोड ९७ लाख र विशेष अनुदानतर्फ रू ४९ करोड ८६ लाख प्राप्त हुने अनुमान गरेको छु। प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व रू. ५ अर्ब ४५ करोड ८४ लाख ८८ हजार प्राप्त हुने अनुमान गरेको छु। साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रू २ अर्ब २४ करोड ५० लाख ९४ हजार नगद मौज्दात बचत हुने अनुमान गरेको छु। यसरी न्यून हुने रकम मध्ये रू १ अर्ब ७५ करोड आन्तरिक ऋणबाट पूर्ति हुने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८२/८३ को लागि राजस्व परिचालन र सुधारका लागि अवलम्बन गरिने राजस्व नीति प्रस्तुत गर्दछु।

१४१. प्रदेशको आर्थिक क्रियाकलापमा बढोत्तरी हुने गरी आगामी आर्थिक वर्षको राजस्व नीति प्रस्ताव गरेको छु। संघ सरकार र अन्य प्रदेश सरकारबाट अख्तियार गरिएका सम्वद्ध राजस्व परिचालनका असल अभ्यासहरुलाई समेत आधार लिई आगामी आर्थिक वर्षका लागि राजस्व नीति र कार्यक्रम तर्जुमा गरेको छु।

राजस्व नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

(क) प्रदेशको आन्तरिक राजस्व प्रणालीमा सुधार गरी आर्थिक क्रियाकलाप विस्तार, लगानी प्रवर्द्धन, उत्पादन तथा उद्यमशीलतालाई प्राथमिकता दिनु,

(ख) राजस्व परिचालनको दायरा विस्तार गर्नु,

CamScanner

(ग) अन्तर निकाय समन्वयलाई सुदृढ गरी कर संकलन कार्यलाइ प्रभावकारी बनाउनु,

(घ) राजस्व प्रशासनको दक्षता र व्यावसायिकता अभिवृद्धि गर्नु।

१४२. प्रदेशको क्षेत्राधिकारभित्र रही आन्तरिक राजस्वको केही क्षेत्रमा करको दरलाई घटाइ अन्य दरलाई यथावत राखेको छु। यसरी कम हुने आन्तरिक राजस्वलाई सम्भावित नयाँ क्षेत्रहरुमा राजस्वको दायरा थप गरी परिपूर्ति गर्ने नीति अवलम्बन गरेको छु।

**१४३.** जग्गा प्रशासनको कार्यजिम्मेवारी स्थानीय तहमा हस्तान्तरण नहुँदासम्म घरजग्गा रजिष्ट्रेशन शुल्क साविक बमोजिमनै मालपोत कार्यालयहरुबाट संकलन गरिने व्यवस्थालाई निरन्तरता दिएको छु। गत आर्थिक वर्षहरुमा प्रदान गरिदै आएको राजस्व छुट सम्बन्धी व्यवस्थालाई निरन्तरता दिएको छु।

**१४४.** भूमि सुधार/मालपोत कार्यालयबाट मानो जोडिएको र छुट्टीएकोमा लाग्ने लिखत बापतको शुल्कलाई समायोजन गरेको छु। भूमि सुधार/मालपोत कार्यालयबाट जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउदा लाग्ने सेवा शुल्कलाई समायोजन गरी सेवा शुल्क नलाग्ने व्यवस्था गरेको छु।

**१४५.** भाडामा सञ्चालन हुने बस, मिनिबस तथा माइक्रोबसमा सवार गर्दा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई छुट दिने व्यवस्था मिलाएको छु। निजी तथा सार्वजनिक विद्युतीय सवारी साधनको पञ्जिकरण तथा नवीकरणको दर निर्धारण गरी कर संकलनको आधार निर्माण गरेको छु।

१४६. प्रदेशको राजस्व परिचालन अभिवृद्धि गर्न आर्थिक मामिला मन्त्रालय अन्तर्गत **प्रदेश राजस्व व्यवस्थापन कार्यालय** स्थापना गरी सेवा सूचारु गर्ने प्रबन्ध मिलाएको छु।

**१४७.** भाडामा सञ्चालन हुने बस, मिनिबस तथा माइक्रोबसले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई भाडामा छुट सहुलियत दिए वापत त्यस्ता सवारी

CS CamScanner

साधनका धनीलाई सवारी साधन करमा साठी प्रतिशत छुट दिने व्यवस्था लाई निरन्तरता दिएको छु।

**माननीय सभामुख महोदय,**

१४८. प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजस्व सङ्कलन र राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न प्रस्ताव गरिएको प्रदेश आर्थिक विधेयक, २०८२ र प्रदेश सरकारको सेवा तथा कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको गण्डकी प्रदेश विनियोजन विधेयक, २०८२ यसैसाथ प्रस्तुत गरेको छु।

१४९. चालू आर्थिक वर्ष २०८१/८२ मा कूल रु ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म विनियोजनको ४८. ०६ प्रतिशत खर्च भएको

१५०. हालसम्म गण्डकी प्रदेश सरकारले कानूनी र संस्थागत व्यवस्थाको अभावमा आन्तरिक ऋण परिचालन गर्न नसकेकोमा आगामी आर्थिक वर्षमा आन्तरिक ऋण परिचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। त्यस्तो ऋण रकम उत्पादनमूलक, रोजगारी सृजना गर्ने र उच्च प्रतिफलयुक्त योजनाहरुमा मात्र खर्च गरिनेछ।

१५१. चालू आर्थिक वर्षको मन्त्रालय/निकायको विनियोजित बजेट र सो बमोजिमको प्रगति विवरण समावेश भएको मन्त्रालयगत प्रगति विवरण प्रदेश सभामा छुट्टै पेश गरेको छु।

**माननीय सभामुख महोदय,**

१५२. प्रदेशको आन्तरिक राजस्व अपेक्षित रुपमा विस्तार हुन नसकेको, सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान,समपूरक अनुदान र विशेष अनुदानको माध्यमबाट प्राप्त हुने वित्तीय हस्तान्तरण विगतको वर्षभन्दा घट्न गएको कारणले आगामी आर्थिक वर्षको बजेटको आकार चालू आर्थिक वर्षको भन्दा केही साँघुरो हुन पुगेको छ।

१५३. प्रदेश सरकारका दरबन्दीमा हुँदै गएको पदपूर्तिको अवस्थामा नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीहरुको लागि बढाएको मासिक तीन हजार महंगी भत्ता

CS CamScanner

व्यवस्थापन गर्नु पर्ने भएकोले  चालू खर्च वृद्धि हुन गई विकास बजेटमा चाप परेको छ।

**१५४.** सरकारले ठूला पूर्वाधार निर्माण, औद्योगिक पूर्वाधार निर्माण, उत्पादन र उत्पादकत्वमा जोड, राजस्वको दायरा वृद्धिमा गरेको प्रयास, सेवा प्रवाहमा सुधार र भ्रष्टाचार न्यूनीकरणमा अपनाएको शून्य सहनशीलताको नीतिले नागरिक सन्तुष्टी अभिवृद्धिका साथै प्रदेशको अर्थतन्त्रको आकार क्रमश: विस्तार हुँदै जाने विश्वास लिएको छु।

१५५. प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको विकासको मूल आधार भौतिक पूर्वाधार निर्माण, रोजगारी वृद्धि, आर्थिक क्रियाकलापमा बढोत्तरी हुनुको साथै नागरिकको जीवनस्तरमा सुधार आई समुन्नत प्रदेशको आधारशिला तयार हुने विश्वास लिएको छु।

१५६. अन्त्यमा, बजेट निर्माणको क्रममा मार्गदर्शन प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख, माननीय मन्त्रीहरु, माननीय प्रदेश सभा सदस्यहरु, राजनीतिक दलका नेतागण एवम् अग्रजहरु, राजस्व परामर्श समिति, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, पत्रकार एवम् सञ्चार जगतबाट  प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा नेपाल सरकार, स्थानीय तह, सम्पूर्ण सरोकारवाला तथा प्रदेश सरकारका सबै निकायबाट इमान्दार प्रयास र पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु।

**धन्यवाद।**

CS CamScanner

# अनुसूचीहरु

CamScanner

CS CamScanner